SuryaJyoti
जीवनको लागि

च.नं. ३८ /२०७९/८०

मिति : २०७९/०९/११

श्री नेपाल स्टक एक्सचेन्ज,
सिंहदरबार, काठमाण्डौ ।

**विषयः संचालक बारे ।**

महोदय,

सुर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. तथा ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. एकआपसमा गाभ्ने गाभिने सम्बन्धमा दुबै कम्पनी बिच मिति २०७९।०७।०४ गते अन्तिम सम्झौता गरी दुबै कम्पनीको मिति २०७९।०७।२८ गते सम्पन्न बार्षिक साधारण सभाबाट सो सम्बन्धमा विशेष प्रस्ताव पेश भई पारित भए पश्चात् नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड लगायत कम्पनी रजिष्ट्रारको कार्यालयबाट ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. लाई सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. मा गाभ्न स्विकृति प्राप्त भएको तथा सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नाममा मिति २०७९/०८/२७ मा कम्पनी दर्ता प्रमाण पत्र समेत प्राप्त भईसकेको हुँदा दुबै कम्पनी बिच भएको अन्तिम सम्झौता पत्रमा उल्लेख भए अनुसार तथा दुबै कम्पनीको बार्षिक साधारण सभाबाट पारित भए अनुसार मिति २०७९/०९/०७ बाट लागु हुने गरी देहाय बमोजिमको सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समिति गठन भएको ब्यहोरा अनुरोध गर्दछौं ।

**तपसील**

| क्र.सं. | नाम | पद | समुह |
|---|---|---|---|
| १ | श्री केशव प्रसाद भट्टराई, (साविक सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. को तर्फबाट) | अध्यक्ष | संस्थापक |
| २ | श्री नन्द किशोर शर्मा (साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को तर्फबाट) | सञ्चालक | संस्थापक |
| ३ | श्री हेमन्त नाहटा, (साविक सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. को तर्फबाट) | सञ्चालक | संस्थापक |
| ४ | श्री विवेक झा (साविक सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. को तर्फबाट) | सञ्चालक | संस्थापक |
| ५ | श्रीमती प्रिया तायल (साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को तर्फबाट) | सञ्चालक | सर्वसाधारण |
| ६ | श्री जयन्त कुमार अग्रवाल | सञ्चालक | स्वतन्त्र संचालक |
| ७ | श्री आकाश गोल्छा (साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को तर्फबाट) | सल्लाहकार | |

श्री केशव प्रसाद भट्टराईज्यू मिति २०७९।०९।०७ को संचालक समितिको ३३३ औं. बैठकको निर्णय अनुसार अध्यक्ष पदमा नियुक्ती हुनु भएको एवं सोही दिन श्री नेपाल बीमा प्राधिकरणका अध्यक्ष श्री सूर्य प्रसाद सिलवालज्यू समक्ष सपथ ग्रहण गर्नु भएको ब्यहोरा अनुरोध गर्दछौं । साथै मिति २०७९।०९।०७ गते अपरान्ह बसेको संचालक समितिको ३३४ औं बैठकमा संचालकज्यूहरुले संचालक समितिका अध्यक्षज्यू समक्ष सपथ ग्रहण गर्नु भएको व्योहरा समेत जानकारीको लागि अनुरोध गर्दछौ । साथै मिति २०७९/०९/०७ देखि सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नामबाट एकिकृत कारोबार शुरु भएको ब्यहोरा समेत अनुरोध गर्दछौं ।

आज्ञाले,

(भरत के.सी.)
कम्पनी सचिव

SuryaJyoti Life Insurance Co. Ltd.

SuryaJyoti Life Insurance Co. Ltd.
Level 2, Shanta Plaza, Gyaneswhor, Kathmandu, Nepal
P.O. BOX: 19433 info@suryajyotilife.com 01-4545947/48 www.suryajyotilife.com
*Company formed after merger of Surya Life and Jyoti Life Insurance Co. Ltd.*